# लोक सेवा आयोग
## (सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा

# सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

लोक सेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्रले विगतमा जस्तै विभिन्न पदहरुको विज्ञापनको लागि Online मार्फत दरखास्त लिने व्यवस्था गरेको हुँदा चालु आ.व. ०७५-७६ मा प्रकाशन हुने विभिन्न पदहरुको विज्ञापनको लागि Online मार्फत दरखास्त दिने उम्मेदवारहरुलाई SMS service द्वारा सुसूचित गराउने प्रयोजनका लागि आवश्यक पर्ने SMS सेवा सिलबन्दी दरभाउपत्र प्रक्रिया मार्फत खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७३-७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस केन्द्र तथा लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरको भण्डार शाखाबाट समेत खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र यस केन्द्रको नाममा सम्बोधन गरी सिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख तथा सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस केन्द्रमा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ । तोकिएको समय पश्चात् प्राप्त हुन आएका दरभाउपत्रहरु स्वीकार गरिने छैन ।

यो सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रको कार्यालय प्रमुखको कार्यकक्षमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३. सिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात सिलबन्दी दरभाउपत्र फारामसाथ पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय (समन्वय कार्यालय), थापाथली, काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालय कोड नं. २७-२१०-०३ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५. सेवा प्राप्त गरे वापतको भूक्तानी SMS सेवा उपयोग गरेको संख्याको आधारमा गरिने छ।

६. सिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भए बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानून बमोजिम हुने छ।

७. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो पश्चात् कार्यालय खुल्ने दिनको माथि उल्लेखित समयसम्म समयावधि थप हुने छ। यस्तो अवस्थामा दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ।

८. कुनै वा सबै दरभाउत्रपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ। दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस केन्द्रमा आई वा यस केन्द्रको फोन नं. ०१-४७७०२३४ मा सम्पर्क गरी बुझ्न सकिने छ। यस सम्बन्धी सूचना लोक सेवा आयोगको वेभसाइट www.psc.gov.np मा पनि हेर्न सकिने छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/०७५-७६ | Online SMS Service | रु. १०००।- | रु. ४५,०००।- | |